आज मिति २०७९/०३/३१ गते शुक्रवार दिनको १:०० बजे क.उ.म.न.पा.को मर्यादित सभा हलमा नगर प्रमुख श्री बिनोद प्रसाद साहज्यूको अध्यक्षतामा क.उ.म.न.पा. नगर कार्यपालिकाको ७औ बैठकमा देहाय अनुसारको प्रस्ताव माथि छलफल गरियो।

**छलफल गरिने विषयहरु र निर्णयहरु (AGENDAS AND DECISIONS) :-**

१. रामबाबु प्रसाद कुशवाहाको बेरुजु फछ्र्यौट गरि जग्गा फुकुवा गर्ने सम्बन्धमा ।

निर्णय :- रामबाबु प्रसाद कुशवाहाले बेरुजु रकम दाखिला गराई जग्गा फुकुवा गराई पाउँ बारे निवेदन दिए अनुसार निजले समयमै कार्य सम्पन्न गरि आवश्यक कागजातका साथ सक्कल प्रति सम्बन्धित निकायमा पेश गरे पनि पेश्की फछ्र्यौट हुन बाँकी रही यस कार्यालयबाट निजको नाममा दर्ता रहेको जग्गाहरु रोक्का गरेको देखिएको र हाल निजले मिति २०७९/०३/२२ मा सो बेरुजु रकम रु.२५०००/- राष्ट्रिय बाणिज्य बैंक लि. मा दाखिला समेत गरेकोले सो बेरुजु फछ्र्यौट गरि जग्गा फुकुवा गरिदिने निर्णय गरियो ।

२. नगर खेलकुद विकास समिति गठन गर्ने सम्बन्धमा ।

निर्णय :- नगर खेलकुद विकास समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. श्री महम्मद समिउल्लाह | – संयोजक |
| ख. श्री अमोद गुप्ता | – सदस्य |
| ग. श्री रामविक्रम शाह | – सदस्य |
| घ. श्री शैलेस श्रेष्ठ | – सदस्य |
| ङ. श्री दिन दयाल साह | – सदस्य |
| च. श्री तसिरुदीन मियाँ मन्सुर | – सदस्य |
| छ. श्री राजेश्वर गौतम | – सदस्य सचिव (न.पा.कर्मचारीबाट) |

३. सुरक्षित आप्रवासन परियोजना (सामी) सम्बन्धमा ।

निर्णय:- नेपाल सरकार र स्विस सरकार विच सम्झौता भइ सुरक्षित आप्रवासन परियोजनाको म्याद २०७९/३/३१ गते समाप्त हुनेमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.न. २१३ मिति २०७९/३/८ गतेको पत्रानुसार उक्त परियोजनाको समयावधि २ वर्ष थप भइ २०७९/४/१ देखि २०८१/३/३१ सम्म कायम भएको भनि लेखि आएको हुँदा मिति २०७६/११/२ देखि यस क.उ.म.न.पा. मा उक्त कार्यक्रम कार्यान्वयन गर्न छनौट भएको दलित जनजाति उत्थान केन्द्रको म्याद समेत २०७९/३/३१ बाट समाप्त हुने अवस्थामा नेपाल सरकारको निर्देशानुसार श्रावण १ गते देखि उक्त परियोजना संचालन गर्न "कार्यक्रम संचालन मार्गदर्शन, २०७९" अनुसार कार्यक्रम कार्यान्वयन गर्ने संस्था छनौट गर्न केहि समय लाग्ने भएकोले यसरी प्रकृया अनुसार सेवा प्रदायक संस्था छनौट भएपछी सोहि संस्थाबाट कार्यक्रम संचालन हुने नै हुँदा संस्था छनौट नहुदा सम्म विगत देखिका कामलाई निरन्तरता नदिदा हाल सम्मका उपलब्धि नै निष्प्रभावी हुन सक्ने भएको र उक्त कार्यक्रमलाई श्रावण १ गते देखि नै निरन्तरता दिनु पर्ने भएकोले आगामी श्रावण १ गते देखि ४ महिना सम्मका लागि साविकमा सेवा प्रदान गर्दै आएको दलित जनजाति उत्थान केन्द्रबाट नै कार्यक्रम कार्यान्वयन गर्ने गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।